# अर्नमा गाउँपालिका
ARNAMA RURAL MUNICIPALITY
## गाउँ कार्यपालिकाकोकार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
अर्नमा, सिरहा(ARNAMA, SIRAHA)
मधेश प्रदेश, नेपाल(MADHESH PROVINCE, NEPAL)
http://anarmamun.gov.np
ito.arnamamun@gmail.com
9852834880 & 9852858045


## औषधी तथा सर्जिकल सामग्री खरिद सम्बन्धी सिलबन्दी दरभाउ पत्र आहवानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२।०८।१७**

यस अर्नमा गाउँपालिकाको स्वीकृत कार्यक्रम अनुसार औषधी तथा सर्जिकल सामग्री खरिद गर्नुपर्ने भएकोले सो सम्बन्धी कार्य गर्न मान्यता प्राप्त फर्म कम्पनीहरुबाट निम्न/शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउ पेश गर्नु हुन यो सूचनाम प्रकाशित गरिएको छ।

शर्तहरुः

१ सिलबन्दी दरभाउ सम्बन्धी कागजात यो सूचना प्रकाशित भएको मितिले १५औं दिन भित्र कार्यालय समयमा तोकिएको राजश्व रकम (पछि फिर्ता नहुने गरी) श्री नविल बैंक लि.अर्नमा शाखाको खातानं..२२४०१०१७५००००८ मा नगद जम्मा गरेको सक्कलै भौचर बुझाई चालु आ.व.को नविकरण गरिएको व्यवसायी दर्ता इजाजतपत्र,स्थायी लेखा प्रमाणपत्र तथा आ.व.२०८१/०८२ को चुक्ता प्रमाणपत्र वा म्याद थप सम्बन्धी कागजात र आधिकारिक प्रतिनिधीको हस्ताक्षर सहितको निवेदन संलग्न राखी स्वास्थ्य शाखाबाट खरिद गर्न सकिनेछ।

२ खरिद गरिएको सिलबन्दी दरभाउ फारम यो सूचना प्रकाशित भएको मितिले १६औं दिन १२ बजे भित्र यस कार्यालयमा पेश गर्नुपर्ने छ।

३ सिलबन्दी दरभाउ फारम खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा विदापछिको कार्यालय खुलेको दिन सोही समय भित्र खरिद तथा दाखिला गर्नु पर्नेछ।

४ दर्ता भएका सिलबन्दी दरभाउ हरु सोही दिन दिनको २ बजे सिलबन्दी दरभाउ दाता वा निजको प्रतिनिधी र कार्यालयको प्रतिनिधीहरुको रोहबरमा खोलिनेछ। समयमा फर्म वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि सिलबन्दी दरभाउ खोल्न बाधा पुग्ने छैन।

५ सिलबन्दी दरभाउ साथ चालु आ.व.को नविकरण गरिएको व्यवसायी दर्ता इजाजतपत्र,स्थायी लेखा प्रमाणपत्र तथा आ.व.२०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी वा म्याद थप सम्बन्धी कागजात र कालो सूचीमा नपरेको स्वय. घोषणापत्र पेश गर्नुपर्ने छ।

६ तपसिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको नाममा सञ्चालित रहेको श्री नविल बैंक लि.अर्नमा शाखाको खातानं..२२४०१०१७५०००३६ मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको ग्यारेन्टी Bid Bond संलग्न हुनुपर्ने छ। प्रस्तावकको Bid Validity सिलबन्दी दरभाउ पत्र पेश गर्ने अन्तिम मितिबाट १२० दिनको हुनपर्नेछ।

७ कबोल अंकको दररेट अंक र आधारमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। केरमेट भएमा केरमेट भएको स्थानमा सहीछाप गर्नुपर्नेछ। दररेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

८ सिलबन्दी दरभाउ दातालाई दररेट भर्नु अघि सम्बन्धित आपूर्तिकर्तालाई सम्पूर्ण अवस्थामा बुझ्न दिइनेछ। उल्लेखित दररेट सबै पारिस्थिती बुझी कबोल गरिएको मानिनेछ।

९ सिलबन्दी दरभाउ स्वीकृत भए पश्चात नियमानुसारको कार्यसम्पादन जमानत पेश गरी सम्झौता गर्नुपर्नेछ।

१० रीत नपुगी वा म्याद नापी र कुनै शर्त राखी पेश हुन आएमा सिलबन्दी दरभाउ उपर कुनै कारवाही हुने छैन।

११ सिलबन्दी दरभाउ पेश गर्दा खाम बाहिर सिलबन्दी दरभाउ दाताको नाम,ठेगाना, ठेक्का नं. र कामको विवरण स्पष्ट उल्लेख गर्ने पर्नेछ।

१२ एक फर्मको नाममा खरिद गरिएको सिलबन्दी दरभाउ फाराम अर्को फर्मको नाममा दाखिला गर्न पाईने छैन।

१३ सिलबन्दी दरभाउ मा उल्लिखित सम्पूर्ण औषधिहरुको कम्पनीको नाम अनिवार्य उल्लेख गर्नुपर्नेछ।

१४ औषधी खरिद गर्द WHO GMP Certified Company बाट उत्पादित तथा नेपाल सरकारबाट स्वीकृत प्राप्त औषधीहरु मात्र खरिद गरिनेछ।

१५ सप्लाई हुने औषधिहरुको प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति,Expiry Date कम्पनीको नाम तथा नेपाल सरकारद्धारा निःशुल्क वितरणका लागि भनी उल्लेख भएको हुनुपर्ने छ।

१६ कार्यालय सम्म औषधि दाखिला हुन आउँदा कम्तिमा १८ महिनाको म्याद हुनु पर्नेछ तर कुनै औषधिको Expiry Date १८ महिना भन्दा कम हुने अवस्थामा जम्मा Self Lifeको कम्तिमा ७५ प्रतिशत म्याद बाँकी हुनुपर्नेछ।

१७ सिलबन्दी दरभाउ पूर्ण वा आंशिकरुपमा स्वीकृत गर्ने व नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ।

द्रोपती कुमारी यादव
प्रमुख प्रशासकीय अधिकृत




Scanned with CamScanner

# अर्नमा गाउँपालिका
ARNAMA RURAL MUNICIPALITY
# गाउँ कार्यपालिकाकोकार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
अर्नमा, सिरहा(ARNAMA, SIRAHA)
मधेश प्रदेश, नेपाल(MADHESH PROVINCE, NEPAL)

http://anarmamun.gov.np
ito.arnamamun@gmail.com
9852834880 & 9852858045


१८ सिलबन्दी दरभाउ फाराममा उल्लेख भए बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ बमोजिम हुनेछ । थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ साथै यो सूचना अर्नमा गाउँपालिकाको Website: www.arnamamun.gov.np बाट समेत डाउनलोड गरी हेर्न सकिनेछ ।

१९ सिलबन्दी दरभाउ फाराम खरिद गर्न सकिने मिति २०८२।०८।१७ गते देखि २०८२।०९।०२ गते सम्म कार्यालय समय भित्र ।

२० सिलबन्दी दरभाउ दर्ता गर्न सकिने अन्तिम मिति २०८२।०९।०३ गते दिनको १२ बजे भित्र ।

२१ सिलबन्दी दरभाउ खोलिने मिति र स्थान २०८२।०९।०३ गते दिनको २ बजे अर्नमा गाउँपालिकाको कार्यालय अर्नमा सिरहा ।

तपसिलः

| क्र.सं. | सिलबन्दी दरभाउ नं. | विवरण | लागतरकमरु. | सिलबन्दीदरभाउ फाराम दस्तुर | धरौटीरकम |
|---|---|---|---|---|---|
| १ | 03/GOODS/ARNRM /SQ/2082-083 | स्वास्थ्य संस्थाहरुको लागि औषधि खरीद | ४७६४८४५(सैतालिसलाख चौसंठीहजारआठसयपैंतालिसमात्र) | ३०००(तिन हजार मात्र) | १२००००/-(एक लाख बीस हजार) |

द्रोपती कुमारी यादव
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner